# गुराँस गाउँपालिकाको गाउँसभाको १२ औं अधिवेशनमा उपाध्यक्ष श्री शिवा कुमारी खड्का ज्यू द्वारा पेश भएको आर्थिक वर्ष २०८०/०८१ को बजेट वक्तव्य

गुराँस गाउँपालिका, रानीमत्ता

दैलेख

कर्णाली प्रदेश

२०८०/०३/०८

**सभा अध्यक्ष ज्यू,**

**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

***सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार*** भन्ने दिर्घकालिन लक्ष्य प्राप्तिका लागि आ. व. २०८०/०८१ को बजेट वक्तव्य प्रस्तुत गर्न पाउँदा मलाई निकै गौरवको अनुभूति भएको छ।

अन्तरसरकारी वित्तिय हस्तान्तरण, २०७४ को दफा २१ को उपदफा ३ बमोजिम गाउँ सभाको १२औं अधिवेशनमा गुराँस गाउँपालिकाको आ.व. २०८०/८१ को वार्षिक बजेट वक्तब्य पेश गर्ने अनुमति चाहान्छु। यस अवसरमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, स्वाभिमान र समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना गर्नका लागि इतिहासका विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात महान शहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । यसैगरी, आन्दोलनका क्रममा वेपत्ता, घाइते र अपाङ्गता भएका व्यक्तिहरु, ज्यानको बाजी लगाएर आन्दोलनमा सहभागि भई महत्वपूर्ण योगदान पुऱ्याउनु हुने सबैप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्षको बजेट तय गर्दा नेपालको संविधानको मर्म एवं निर्देशक सिद्धान्तहरु, दीगो विकासका लक्ष्यहरु, संघीय र प्रादेशिक तहबाट जारी गरिएका योजनाका आधार पत्र, चुनावी घोषणा पत्र साथै विज्ञ एवं सरोकारवालाहरुको सुझावलाई ग्रहण गरिएकोछ ।

चालु आ.व मा गुराँस गाउँपालिकाको विनोयोजित बजेट मध्य संघीय वित्तिय अनुदान रु. १ करोड ३० लाख रुपैंया कम प्राप्त गरी ९१.५४%, संघीय राजश्व बाँडफाँट तर्फ ७०% र आन्तरिक राजश्व तर्फ ७०% आम्दानी भएको छ। चालु आ.व.को असार मसान्त सम्म चालु तर्फ करिब शत प्रतिशत र पुँजिगत तर्फ करिब ७०% बजेट खर्च हुने अनुमान गरेको छु।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

आ.व.२०७९/८० को बजेट कार्यान्वयनका क्रममा भोगेका नीतिगत समस्याहरु, आन्तरिक राजश्व संकलनमा भएका कठिनाई, कानून अभाव संगै बजेट कार्यान्वयनमा देखिएका चुनौती लगाएत विविध समस्याहरु र अवसरलाई समेत मध्यनजर गर्दै आ.व.२०८०/८१ मा बजेटको प्रभावकारी कार्यान्वयन गर्न उचित कदम चाल्दै बजेट कार्यान्वयन कार्ययोजना निर्माण मार्फत अधिकतम बजेट खर्च गर्ने, नीतिगत सुधार गर्ने, बेरुजु कम गर्दै जाने र जनतालाई उपलब्ध गराईने सेवा प्रवाह लाई चुस्त दुरुस्त बनाउन यस बजेटले महत्वपुर्ण भुमिका खेल्ने विश्वास समेत लिएको छु।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म आ.व.२०८०/८१ को बजेट पेश गर्दै छु। मुलुकको आर्थिक अवस्था नाजुक अवस्थामा रहेको यस विसम परिस्थितिमा संघ तथा प्रदेश सरकारबाट प्राप्त वित्तिय हस्तान्तरण, गाउँपालिकाले आ.व. २०८०/८१ का लागि प्रक्षेपण गरेको आन्तरिक राजश्व र विभिन्न विकास साझेदार संघ संस्थाहरुबाट प्राप्त बजेट सिलिंगका आधारमा आय विवरण तयार गरेको छु।

संघीय सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फः रु. ९ करोड १४ लाख,

संघीय शसर्त अनुदान चालु तर्फः रु. २४ करोड ८८ लाख,

संघीय शसर्त अनुदान पुँजिगत तर्फः रु. १ करोड १० लाख,

संघीय विशेष अनुदान तर्फः रु. ६० लाख,

संघीय समपुरक अनुदान तर्फः रु. ८० लाख,

संघीय राजश्व बाँडफाँट तर्फ रु. ९ करोड ४ लाख ९० हजार ८ सय गरी,

संघीय सरकार बाट कुल रु. **४५ करोड ५६ लाख ९० हजार ८ सय** आम्दानी हुने जानकारी गराउँदछु।

त्यसै गरि,

प्रदेश सरकारबाट वित्तिय समानिकरण अनुदान तर्फः रु. १ करोड १ लाख ७१ हजार,

प्रदेश शसर्त अनुदान चालु तर्फः रु. २२ लाख २८ हजार,

प्रदेश शसर्त अनुदान पुँजिगत तर्फः रु. २ करोड ३७ लाख,

प्रदेश विशेष अनुदान तर्फः रु. ४५ लाख,

प्रदेश समपुरक अनुदान तर्फः रु. १ करोड ३४ लाख,

प्रदेश राजश्व बाँडफाँट तर्फ रु. ९ लाख ९४ हजार ७ सय २३ गरी,

प्रदेश सरकार बाट कुल **रु. ५ करोड ४९ लाख ९३ हजार ७ सय २३** आम्दानी हुने जानकारी गराउँदछु।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

आन्तरिक श्रोत तर्फ आ.व. २०८०/८१ मा राजश्व संकलन रु. २ करोड ४ लाख र अ.ल्या रु. ३० लाख गरी जम्मा **रु. २ करोड ३४ लाख** रुपैंया आन्तरिक आम्दानी हुने अनुमान गरेको छु।

त्यसैगरी, विकास साझेदार संघ संस्थाहरु बाट **रु. ३ करोड** प्राप्त हुने अनुमान गरेको छु।

अन्त्यमा, संघीय सरकाबाट यस गाउँपालिकाले संरक्षण गरिरहेको लोपोन्मुख राउटे जातिका लागि प्राप्त हुने सामाजिक सुरक्षा भत्ता  लगाएत सबै सामाजिक सुरक्षा भत्ता वितरणका लागि **रु. ८ करोड २८ लाख ३७ हजार** प्राप्त हुने अनुमान गरेको छु।

यसरी आ.व. २०८०/८१ का लागि जम्मा आय रु.**६४ करोड ६९ लाख २० हजार ५ सय २३** हुने अनुमान गरेको छु।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म आ.व. २०८०/८१ का लागि व्यय तर्फको विवरण पेश गर्दछु।

| | |
|---|---|
| समपुरक/विकास साझेदारी कोष | रु. २ करोड |
| गुराँस श्रम बैंक | रु. १ करोड |
| कृषि अनुसन्धान तथा तालिम केन्द्र | रु. ५० लाख |
| सवारी साधन खरिद (एम्बुलेन्स , ब्याकहो लोडर, अनुगमन , ग्रामिण बस) | रु. १ करोड ५० लाख |
| गाउँपालिका प्रशासकीय भवन | रु. १ करोड |
| वडा तर्फ विनियोजन (न्युनतम ५ लाखमा योजनाहरु) | रु. २ करोड ५० लाख |
| आयुर्वेद अस्पताल पुर्वाधार निर्माण | रु. २० लाख |
| संघीय सञ्चितकोषमा फिर्ता रकम | रु. ८५ लाख |
| संघीय सशर्त चालु तर्फका कार्यक्रमहरु | रु. २४ करोड ८८ लाख |
| संघीय सशर्त अनुदान पुँजीगत तर्फका कार्यक्रमहरु | रु. १ करोड १० लाख |
| संघीय विषेश अनुदान पुँजीगत तर्फको कार्यक्रम | रु. ६० लाख |
| संघीय समपुरक अनुदान पुँजीगत तर्फको कार्यक्रम | रु. ८० लाख |
| विषयगत शाखाका कार्यक्रमहरु | रु. १ करोड १ लाख ७१ हजार |

| | |
|---|---|
| प्रदेश सशर्त चालु तर्फका कार्यक्रमहरु | रु. २२ लाख २८ हजार |
| प्रदेश विषेश अनुदान पुँजीगत तर्फको कार्यक्रम | रु. ४५ लाख |
| प्रदेश समपुरक अनुदान पुँजीगत तर्फका कार्यक्रमहरु | रु. १ करोड ३४ लाख |
| प्रदेश शसर्त पुँजीगत तर्फका कार्यक्रमहरु | रु. २ करोड ३७ लाख |
| गाउँपालिका प्रशासनिक तथा कार्यालय व्यवस्थापन तर्फका कार्यक्रमहरु | रु. ९ करोड १४ लाख ८५ हजार ५ सय |
| आन्तरिक श्रोत तर्फका विविध कार्यक्रमहरु | रु. ६३ लाख |
| अध्यक्ष शैक्षिक सुधार कार्यक्रम | रु. १ करोड |
| आ.व. २०७९/८० को भुक्तानी बाँकी | रु. ३० लाख |
| शिक्षा, स्वास्थ्य, खानेपानी, भौतिक पुर्वाधार क्षेत्रका विविध कार्यक्रमहरु | रु. ३ करोड (विकास साझेदार संस्था मार्फत) |
| सामाजिक सुरक्षा | रु.८ करोड २८ लाख ३६ हजार |

यसरी आ.व. २०८०/८१ मा चालु तर्फ रु. ४६ करोड ०३ लाख २० हजार ५ सय २३ (७१%) तथा पुँजिगत तर्फ रु. १८ करोड ६६ लाख (२९%) गरी जम्मा व्यय रु.**६४ करोड ६९ लाख २० हजार ५ सय २३** हुने अनुमान गरेको छु।

**सभा अध्यक्ष ज्यू,**
**तथा गाउँ सभाका सदस्य ज्यूहरु,**

आ.व. २०८०/८१ को बजेट तर्जुमाका क्रममा प्राप्त मार्गदर्शनका लागी आदरणीय अध्यक्षज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्यहरु, सभा सदस्यहरु तथा प्रमुख प्रशासकीय अधिकृत लगाएत कार्यालय कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहान्छु।

बजेट तर्जुमा प्रकृयामा अमूल्य सुझाव प्रदान गर्ने पुर्व जनप्रतिनिधीहरु, विकास साझेदार संस्थाहरु, राजनीतिक दल, नीजी क्षेत्र, सहकारी क्षेत्र, नागरिक समाज तथा सम्पुर्ण सरोकारवालाहरु प्रति आभार व्यक्त गर्दै हाम्रो सरकारले अंगिकार गरेको ***सुख, समृद्धिका लागि शासकीय सुधारः हातेमालो गरी फेरौं गुराँसको मुहार*** भन्ने नारालाई साकार पार्न यहाँहरु सबैको साथ र सुझावको अपेक्षा राखेको छु।

अन्त्यमा अघिल्लो सत्रमा पेश भई यस सम्मानित सभाबाट पास भएको आ.व. २०८०/८१ को नीति तथा कार्यक्रमको मर्म अनुरुप वार्षिक कार्यक्रमहरुमा उचित रकम विनियोजन गरिने प्रतिवद्धता समेत गर्दै विदा हुन्छु।

**धन्यवाद!**